लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय दाङ (देउखुरी)

**लमही, दाङ**

☎/🖷 कार्यालय : ०८२-५४०८१०
☎ कार्यालय प्रमुख : ९८५७८४१५१४
ईमेल ठेगाना: dfodeukhuri@gmail.com

प्रदेश सरकार लुम्बिनी प्रदेश वन, वातावरण तथा पर्यटन मन्त्रालय वन निर्देशनालय डिभिजन वन कार्यालय, दाङ (देउखुरी) लमही

प.सं. २०८३।०८४ (योजना शाखा)
च.नं. ९५१

मितिः २०८३।०४।२९
नेपाल संवत: ११४६

विषयः वेबसाईटमा सूचना प्रकाशन गरिदिनुहुन ।

श्री वन तथा वातावरण मन्त्रालय
राप्ती उपत्यका, देउखुरी, दाङ ।
श्री वन निर्देशनालय
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा **श्री मनिकापुर वगाले** सामुदायिक वन उपभोक्ता समूह, गढवा ग.पा.– ६, दाङ बाट उत्पादित गोलिया काठ दाउरा लिलाम बिक्रीका लागि मिति २०८३।०४।२९ मा प्रकाशित गरिएको वन पैदावार लिलाम बिक्री सम्बन्धी सूचना वन नियमावली (दोश्रो) संशोधन, २०७९ को नियम २५(१)(क) बमोजिम तँहा कार्यालयको वेबसाईटमा प्रकाशन गरिदिनुहुन विस्तृत सूचना यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

२०८३।४।२९
गणेश बहदुर खड्का
(डिभिजनल वन अधिकृत)

श्री मनिकापुर वगाले विसौना सामुदायिक वन उपभोक्ता समुह
गढवा -६ मनिकापुर दाङ

आ.व. :- ०८३/०८४
च.नं. :- ८

मिति :- २०८३/४/२९

विषय :- सूचना टाँस गरी जानकारी पठाई दिने वारे ।

श्री वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङ
श्री प्रदेश वन निर्देशनालय वुटवल, रुपन्देही
श्री डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमही, दाङ
श्री जिल्ला समन्वय समितिको कार्यालय घोराही, दाङ
श्री ईलाका प्रशासन कार्यालय लमही, दाङ
श्री भुमि प्रशासन कार्यालय लमही, दाङ
श्री नापी कार्यालय लमही, दाङ
श्री गढवा गाउँपालिका ६ नं. वडा कार्यालय गढवा, दाङ
श्री गढवा सव डिभिजन वन कार्यालय गढवा, दाङ

डिभिजन वन कार्यालय
दाङ(देउखुरी)लमही
दर्ता नं.:- २५२
दर्ता मितिः- २०८३/४/२५

प्रस्तुत विषयमा डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमही, दाङको च.नं. १२२, मिति २०८३/०४/२५ को लिलाम सहमति अनुसार यस समुहले मिति २०८३/०४/२९ गते गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरेको काठ/दाउराको लिलाम विक्री सम्वन्धि विस्तृत सूचना यसै पत्रसाथ पठाइएको छ । ताँहा कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाई दिनुहुन अनुरोध छ ।

२०८३/०४/२९

..........................
वीर वहादुर आले
अध्यक्ष

अनुसुचि १६

(दफा ३३ को उप-दफा (२) सँग सम्वन्धित)

श्री मनिकापुर वगाले विसौना सामुदायिक वन उपभोक्ता समुह

गढवा -६ मनिकापुर दाङ

गोलिया काठ/दाउरा वोलपत्रद्धारा लिलाम विकीको सूचना

पहिलो पटक प्रकाशित मिति २०८३/०४/२९यस सामुदायिक वन उपभोक्ता समुहवाट कार्ययोजनाको परिधि भित्र रहि नियमानुस संकलन सहमति अनुसार आ. व. ०८२/८३ मा कटान मुछान भई घाटगद्दमा राखिएको काठ/दाउरा आन्तरिक विक्री वितरण र वाँकी रहेको घाटगद्दीमा भएका निम्न परिमाणको गोलिया काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठ लैजाने गरी डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमही, दाङको च.नं. १२२, मिति २०८३/०४/२५ व्यापारीक प्रयोजनको ल काठ/दाउरा लिलाम सहमति अनुसार वोलपत्रद्धारा लिलाम विक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति संधसंस्था, फर्म वा कम्पनी प्रचलित कानून वमोजिम दर्ता वा नविकरण भएको उद्योगले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकाम पहिलो पटक प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टाछुट्टै वोलपत्र डिभिजन वन कार्यालय दाङ (देउखुरी) लमह तथा मनिकापुर वगाले विसौना सामुदायिक वन उपभोक्ता समुहको कार्यालयवाट खरिद गरी २२ औं दिन दिनको १:०० वजे भित्र शिलवन्दी वोलपत्र दाखिला गर्नुहुन आह्वान गरिन्छ ।

तपसिल

१वन पैदावारको विवरण :-

| क स | लट न | जात | ग्रेड | थान | परिमाण। क्यफिट र चट्टा। | न्युनतम मुल्य रु | सकलन खर्च रु | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | १/०८२-०८३ | साल | A | ६ | २२२.६८ | २७८३५० | २३३५४२।- | |
| | | साल | B | ६ | ७७.५५ | ६९७९५ | | |
| | | साल | C | २४ | १९७.५७ | ११८५४२ | | |
| | | साल | D | १ | २.०४ | ६१२ | | |
| | | असना | A | १२ | २७४.५५ | १०९८२० | | |
| | | असना | B | ९ | ९९.१० | २९७३० | | |
| | | असना | C | ८ | २५.५६ | २५५६ | | |
| | | जामुन | B | ३ | २२.९५ | ६८८५ | | |
| | | जामुन | C | ५ | १७.९४ | १७९४ | | |
| | | धौटी | | २० | १२६.११ | १२६११ | | |
| | | साल दाउरा | चट्टा | २.५ | | ३०००० | | |
| | | अन्य दाउरा | चट्टा | १.२५ | | ५००० | | |
| | | | | | | ६६५६९५ | | |

| क स | लट न | जात | ग्रेड | थान | परिमाण। क्यफिट र चट्टा । | न्युनतम मुल्य रु | सकलन खर्च रु | कै |
|---|---|---|---|---|---|---|---|---|
| १ | २/०८२-०८३ | साल | A | ४ | ८७.०६ | १०८८२५ | २१३४२३.२१ | |
| | | साल | B | १७ | २५८.९५ | २३३०५५ | | |
| | | साल | C | १० | ७७.७९ | ४६६७४ | | |
| | | असना | A | १० | ३३५.९९ | १४२३९६ | | |
| | | असना | B | ८ | ८८.५४ | २६५६२ | | |
| | | असना | C | ८ | २५.६२ | २५६२ | | |
| | | कर्मा | A | १ | १४.८९ | ५९५६ | | |
| | | कर्मा | B | ३ | २०.४७ | ६१४१ | | |
| | | कर्मा | C | ७ | २४.८ | २४८० | | |
| | | कुसुम | | ६ | ३२.८५ | ३२८५ | | |
| | | दवदवे | | ३ | १८.११ | १८११ | | |
| | | सिसौ | A | १ | ८.२२ | ५७५४ | | |
| | | सिसौ | B | ७७ | १८३.९ | ९१९५० | | |
| | | साल दाउरा | चट्टा | २.०० | | २४००० | | |
| | | सिसौ दाउरा | चट्टा | ०.२५ | | ३००० | | |
| | | अन्य दाउरा | चट्टा | १.०० | | ४००० | | |
| | | जम्मा रकम | | | | ७००४५१ | | |

(२) बोलपत्र खरिद गर्नु पर्ने अन्तिम मिति र समय ।

(क) अन्तिम मिति २०८३।०५।१८ (ख ) समय : कार्यालय समय भित्र ।२१औ दिन सार्वजनिक विदा परेमा २२औ दिनको शिलवन्दी बोलपत्र दाखिला गर्ने समय भन्दा १ घण्टा अघि सम्ममा बोलपत्र खरिद गरी बोलपत्र दाखिला गर्नु पर्नेछ ।

(३) बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति २०८३।०५।१९ (ख )समय : दिनको ठीक १:०० वजे भित्र ।

(४) बोलपत्र फाराम लटको रु १००० पछि फिर्ता नहुने गरि तिरी यस समुहको कार्यालय र डिभिजन वन कार्यालय दाङ देउखुरीवाट खरिद गरी सामुदायिक वनको कार्यलयमा दाखिला गर्न सकिनेछ ।

(५) बोलपत्र साथ कबूल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस समुहको शाखा कार्यालय गढवामा रहेको कृषि विकास बैंक उपशाखा गढवा दाङको खाता नं. ०९१९३००९८३७३२०११ मा नगद जम्मा गरेको सक्कल भौंचर वा ६ महिना को बैंक ग्यारेण्टी जमानत पत्र समावेश हुनपर्ने छ ।

(६) लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र **श्री मनिकापुर बगाले विसौना सा.व.उ.स.** को घाटगद्दी स्थल मनिकापुरमा गई हेर्न सकिने छ ।

(७) संघिय वन नियमावली को नियम २५ को उप नियम ३ बमोजिम काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरु र सोहि नियमावलीको नियम १२८ बमोजिम डिभिजन वन कार्यालयमा सुचिकृत भएका लिलाममा भाग लिन ईच्छुक काठ/दाउरामा आधारित संचालनमा रहेका उद्योगहरुका प्रोप्राईटरहरुले नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी, कर दर्ता प्रमाण पत्रको प्रतिलिपी, मुल्य

अभिबृद्धिकर दर्ता प्रमाण पत्रको प्रतिलिपी वा स्थायी लेखा नं (PAN) दर्ता प्रमाण पत्रको प्रतिलिपी ,डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको प्रतिलिपी, सहित बोल पत्र खरिद गरी शिल वन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

(८) निर्धारित गरिएको न्यूनतम् संख्याको र रीतंपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३/५/१९ गते दिउँसो ३.०० वजे साक्षीहरुको रोहवरमा खोलिनेछ। सो दिन विदा परे सो को भोलिपल्ट खोलिने छ ।

(९) लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० दिन भित्र सकार गरेका रकम तथा निर्धारित मुल्य अभिबृद्धि कर लगायत अन्य कर समेत बुझाई लिलाम स्वीकृत भएको वन पैदावार तोकिएको अवधी भित्र उठाई लैजानु पर्नेछ ।

(१०) बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेखु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

(११) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस समुहको अख्तियारवाला पदाधिकारीमा हुनेछ ।

(१२) अन्य कुराहरु बुझ्नु परेमा यस समुहमा सम्पर्क राखु होला ।

(१३) समयको म्याद नाघी वा रीत नपुगी पेश हुन आएको बोलपत्र मान्य हुने छैन ।